# कल्याणपुर नगरपालिका
## नगरकार्यपालिकाको कार्यलय,कल्याणपुर, सिरहा
### मधेश प्रदेश, नेपाल

## हाट बजार ठेक्का बन्दोबस्त सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०७९।०९।०८।

यस नगपालिकाले आफनो क्षेत्राधिकार भित्र रहेका देहाय बमोजिमका बजारहरुको २०७९ माघ १ गते देखि २०८० पौष मसान्त (एक बर्ष) सम्मको लागि बहाल बिटौरी कर (हाट बजार सेवा शुल्क) उठान गर्ने प्रयोजनका लागि ठेक्का बन्दोबस्त गर्नपर्ने भएकोले इच्छुक व्यक्ति,संस्था वा कम्पनिहरुले सुचना प्रकाशन भएको मिति देखि मिति २०७९ पौष २२ गते भित्र देहायका शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

| क.सं. | बजारको नाम | न्युन्तम दर (मु.अ.क.बाहेक) |
|---|---|---|
| १ | अर्नामा बनिनियाँ बजार | २७०००।- |
| २ | ईटारी प्रसाही बजार | ९००००। - |
| ३ | चिकना बजार | ९००००। - |
| ४ | भेडीया पुर्वटोली बजार | २७००००। - |
| ५ | भेडीया रमपुरा बजार | २७००००। - |
| ६ | डुमरी बजार | १३५०००। - |
| ७ | करुन्याही बजार | २७००००। - |
| ८ | रमना बडठीया बजार | २२५०००। - |
| ९ | कल्याणपुर बजार | ३६०००००। - |
| १० | बेल्हा बजार | २०५२००। - |
| ११ | ग्रमिण वजार | ९००००। - |

**शर्तहरु:-**

१) यो सुचना प्रकाशित भएको मिति देखि २०७९।९।२२ गते सम्म कार्यालय समय भित्र इच्छुक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र निवेदन र संघ संस्था, फर्म, कम्पनीको हकमा म्याद रहेको दर्ता प्रमाणपत्र,मु.अ.कर प्रमाणपत्र र आ.व. २०७८/०७९ को कर तिरेको रसिद र निवेदन सहित दस्तुर रु १०००।-(पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखाबाट फारम खरिद गर्न सक्ने छ ।

२) रितपुर्वक भरिएको दरभाउपत्र फारम २०७९।९।२३ दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ। दर्ता भएको दरभाउपत्र सांही दिनको २:०० बजे यस कार्यालयमा दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवर मा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) दरभाउपत्र साथ ५ (पाँच) प्रतिशत धरौटी बापतको रकम कार्यालयको माच्छापुच्छ्रे बैंक शाखा कार्यालय कल्याणपुरमा रहेको धरौटी खाता नं.०८१०११०८१८५०००४२ मा नगद जम्मा गरेको सक्कलै भौचर पेश गर्ने पर्नेछ।

४) दर रेट भर्दा मुल्य अभिवृद्धिकर बाहेकको दर रेट भर्नु पर्नेछ ।

५) दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर ठेक्का नं,बजारको नाम, दरभाउपत्रदाताको नाम,ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

६) दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कमश: कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।

७) एक फर्मको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइने छैन ।

८) रित नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन ।

९) दरभाउपत्र आंशिक वा पुर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०) नगरकार्यपालिकाको कार्यालयबाट उपलब्ध गराईने हाट बजार सेवाको दररेटहरुको बोर्ड बनाई ठेकेदारले नै राख्नु पर्नेछ ।

११) नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन। कुनै कारण बश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का बदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ ।

१२) सुचनामा केही कुरा थपघट गर्नपरेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सुचना पार्टीमा टाँस गरि जनाकारी गराईनेछ साथै सचना सम्बनधि सम्पर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१३) यस ठेक्का बापत नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण करदस्तुर फि महशुल आदि ठेकेदारले नै बुझाउनुपर्नेछ

१४) ठेकेदारले शुल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम,थर,ठेगाना खुलेको नामावली नगरकार्यपालिकाको कार्यालयमा पेश गर्ने पर्नेछ। त्यसरी नियुक्त कर्मचारीले तोकिएको शुल्क भन्दा बढी रकम उठाएमा वा नगरपालिकाको अहित हुने कार्य गरेमा त्यसको उतरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ।

१५) ठेक्का प्राप्त बजारबाट नगरपालिकाले तोकि दिएको भन्दा फरक आफुखुशी मुलय निर्धारण गरी रकम संकलन गरेको पाइएमा ठेक्का लिने व्यक्तिबाट असल उपर गरि कानुनी कारबाही गरिनेछ।

१६) स्वीकृत भएको दरभाउपत्र पेश गरेको दरभाउपत्रदाताले आफले कबोल गरेको सम्पुर्ण रकम यस कार्यालयमा दाखिला गर्नुपर्ने वा यस कार्यालयको नाममा माच्छापुच्छ्रे बैंक शाखा कार्यालयक कल्याणपुरमा रहेको आन्तरिक राजश्व खाता नं.०८१०११०८१८४०००७६ मा रकम दाखिला गरेको सक्कलै भौचर पेश गरी चलनपुर्जी लिनुपर्ने छ

१७) अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

**कल्याणपुर नगरपालिका**
**सिरहा**